कमलामाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, सिन्धुली

**विषय :- विटौरीकर (हाट बजार कर) ठेक्का लगाउने कार्यको बोल-पत्र आब्हान सम्वन्धी सूचना ।**

प्रथम पटक प्रकाशन मिति २०७९/०३/१३ गते ।

यस कमलामाई नगरपालिका वडा नं.९ स्थित इनारपानीमा प्रत्येक शुक्रवार लाग्ने हाटको (विटौरीकर) हाटकर र वडा नं. ६ प्लट नं. २ माढीवजारको पश्चिम पट्टी प्रत्येक शनिवार लाग्ने हाटमा आ.व. ०७९/०८० को लागि ठेक्का प्रथावाट हाट बजार कर संकलन गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना देहायको शर्तको अधिनमा रही रितपूर्वक गोप्य शिलवन्दी बोलपत्र पेश गर्न हुन सूचित गरिन्छ ।

१. इच्छुक व्यक्ति फर्म, वा संस्थाले सूचना प्रकाशित मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय सम्म व्यक्तीको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र फर्म, वा संस्थाको हकमा दर्ता प्रमाण -पत्रको प्रतिलिपि आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि लगायतका कागजात संलग्न गरी निवेदन साथ **रु.१०००।-(एकहजार)** फिर्ता नहुने गरी बुझाई यस कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजश्व उपशाखाबाट बोपत्रपत्र खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औ दिन दिनको १२:०० वजे भित्र गोप्य शिलवन्दी बोलपत्र क.न.पा.कार्यालय सिन्धुलीमा दर्ता गराउनु पर्नेछ । तोकिएको समय भित्र दर्ता हुन आएका बोलपत्रहरु क.न.पा.कार्यालय, सिन्धुलीमा सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा क.न.पा., कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोल-पत्र साथ आफुले कवुल गरेको अंकको ५% का दरले हुन आउने रकम यस कार्यालयको रा.वा.वैंक सिन्धुली स्थित धरौटी खाता नं. १०६०१००३०३००००३ (ग-३) धरौटीमा जम्मा गरेको सक्कल भौचर वा वाणिज्य बैकबाट १२० दिनको मान्य अवधि भएको बैक जमानत संलग्न गरी आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट वुझिने गरी लेखी सहीछाप गरी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. बोलपत्रदाताले नगरपालिकाको स्वीकृत आर्थिक ऐनको अनुसूचि-८ मा उल्लेख भए वमोजिमको दररेटमा मात्र रकम असुल गर्न पाउनेछ ।

५. बोलपत्र विक्री, दर्ता वा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सो कार्य गरिनेछ ।

६. विटौरीकर (हाटकर) ठेक्का लिने बोलपत्रदाताले क.न.पा. ९ भिमानको इनारपानीमा शुक्रबार र क.न.पा. ६ मा शनिबार बाहेक अन्य दिन रकम उठाउन पाउने छैन ।

७. विविध कारणले हाट नलागेमा हाटकर मिनाहाको लागि दावी गर्न पाइने छैन् ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।

९. ठेक्का स्वीकृत हुने बोलपत्रदाताले ७ (सात) दिन भित्र आफुले कबोल गरेको अंक बराबरको अग्रीम नगद भुक्तानी वा कबोल अंकलाई तीन किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता गर्दा कै वखतमा र दोस्रो किस्ता पौष मसान्त भित्र वुझाउनु पर्नेछ र अन्तिम किस्ता असार मसान्त भित्र वुझाउनु पर्नेछ । सम्झौता गरेको प्रथम किस्ता रकम मात्र बुझाएको अवस्थामा वाँकी रकम बराबरको २०८० साल श्रावण मसान्त सम्मको वैक ग्यारेण्टी पेश गरी तोकीएको समयावधि भित्र ठेक्का सम्झौता गर्नु पर्ने छ । अन्यथा धरौटी जफत गरिनेछ । म्याद भित्र किस्ता रकम नबुझाएमा उक्त तिर्न वाँकी रकममा न.पा. ले १०% का हिसावले थप जरिवाना लिनेछ ।

१० . अग्रीम एकमुष्ट ठेक्का कबुल रकम बुझाएमा कूल रकमको ५%ले हुन आउने रकम छुट्र दिईनेछ ।

११. भिमानमा लाग्ने शुक्रवारको हाट र माढीबजारमा लाग्ने शनिवारको हाटको लागी छुट्टा-छुट्टै बोलपत्र खरिद गर्नु पर्नेछ र दर्ता समेत अलग-अलग रुपमा गर्नु पर्नेछ । एक बोलपत्रदाताको नाममा खरिद भएको बोलपत्र अर्कोको नाममा दर्ता गर्न पाइने छैन ।

१२. क.न.पा.६ स्थित हाटवजारमा निर्माण भएको पसल कवल भाडामा लिने व्यक्तिले शनिबारको हाटकर ठेकेदारलाई तिर्नु पर्नेछ ।

१३. अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ भ्याट/कर तिर्नु पर्ने भएमा ठेकेदार आफैले तिर्नु पर्नेछ । विस्तृत कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको राजस्व उपशाखामा सम्पर्क राख्न सकिनेछ ।

१४. हाटकरको न्युनतम अंक:

(क) ठेक्का नं.१६ क.न.पा. ६ मा शनिवार लाग्ने हाटको लागि **रु.६०००००।- (छ लाख)** रहेको छ ।

(ख) ठेक्का नं.१७ क.न.पा.०९, भिमान इनारपानीमा शुक्रवार लाग्ने हाटको लागि **रु.४०००००।-(चार लाख)** रहेको छ ।

१५. हाटकरको सूचना सम्बन्धमा थप कुरा बुझ्नु पर्ने भएमा नगरपालिकाको वेभ साईड www.kamalamaimun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत